

# ध्रुवचन्द्र गौतम

साठी टेक्पिछ

कथा त्यहाँबाट सुरु हुन्छ, जब साठी वर्षको वृद्ध रोजगारको खोजीमा निस्कन्छ। छोराहरू पनि छन्, निकै लायक छन्। बाबु भनेको कस्तो वस्तु हो- ती एकअर्कालाई बुझाइरहेका छन्। साँच्चै, बाबु भलिबल हो कि क्रिकेटको क्याचआउट हो ? कुनै पोस्टमोडर्निस्ट लेखकले थाहा पाए गजबको कथा लेखिदिनसक्छ। ज्याक डेरिडाकै अंश पनि घुसाउनसक्छ। पानीले लछप्पै भिजेको र भोकले खुम्चिएको यो वृद्धलाई अकस्मात् हृदयाघात भइदिन्छ। धन्न कसैले नर्विक पुऱ्याइदिन्छ। हृदयाघात त निःशुल्क भएको थियो तर उपचार निःशुल्क हुनसक्दैन। डिस्चार्ज हुने जनाउ पाएपछि डाक्टरसँग हाम्रो यो निवृत्त नायक भन्छ- 'म चाहन्छु यी बिलहरू फर्काइदिनुस् र मलाई हृदयाघात नै फर्काइदिनुस्।'

साँच्चै, को हो यो नायक, जसको कथाले पाठकलाई हिक्कहिक्क रुवाउँछ ? यतिखेर साठी वर्ष पुगेका छन् आख्यानकार ध्रुवचन्द्र गौतम। संयोग नै भनौं डेढ वर्षअघि लेखिएको उनको कथा 'साठी वर्षमा हृदयाघात' को चर्चा र प्रशंसा उनी साठी वर्ष पुगेकै बेला भइरहेको छ। यसले निवृत्त उमेरका मान्छेहरूको व्यथाको चुरो समाएको छ।

नयाँ युगको जीवन त सनमाइकाको टेबुलजस्तै सामरो भइदिएको छ। समय र समाजका विसंगतियुक्त सम्पूर्ण विषयवस्तु सजाउने एउटा च्याप्टो टेबुल। बरु सनमाइकाको टेबुलमा चिल्लोपना त हुन्छ तर जीवनमा त्यही तत्त्व पनि छैन। जीवन त गतिहीनता र सपाटताको मैदानमात्र भइदिएको छ। जीवनलाई हेर्ने यस्तै दृष्टिकोण बोकेर विगत ४० वर्षदेखि स्पष्ट पदचाप छोड्दै हिँडेका छन् ध्रुवचन्द्र। 'लाइफ इज अ लाइफ अफ डेथ'- हेडगरको यो कथनलाई अहिले पनि उनले आधार मानेकै छन्। 'तल्लो तहमा विसंगतिको दर्शन कतै पाइन्छ भने त्यो अहिले पनि मेरोमा छ'- उनी भन्छन्- 'जीवन अर्थहीनताको परिवेशमा धकेलिएको अहिले पनि म मान्दछु- फरक के छ भने अस्तित्वलाई अर्थबाट अलग्याएर हेर्नुपर्ने देख्दिन।'

हो, ४० वर्ष लामो उनको सक्रिय लेखनमा चाहिँ पक्कै पनि केही परिवर्नत भएका छन्। लेखनको आरम्भकालमा उनले प्लटलेस स्टोरी निकै लेखे। ती निकै जटिल पनि थिए। एकताका नेपाली साहित्य क्षेत्रमा कस्तो ठटचौली चल्थ्यो भने ध्रुवचन्द्रको 'बालुवामाथि' उपन्यास पढिसिध्याउनेको धैर्यको ठूलो प्रशंसा हुनेछ। विस्तारै उनी सरस, सरल कथासहितको धारमा प्रवेश गरे। '२०३० साल मेरा लागि टर्निङ प्वाइन्ट हो'- भन्छन् ध्रुवचन्द्र- 'त्यसयता धेरै बुझिने नै लेखेको छु। अब एन्टीस्टोरी, एन्टी नोबेल छैन।'

ध्रुवचन्द्रका १६ उपन्यास, पाँच कथासंग्रह, केही नाटक र केही संयुक्त उपन्यास प्रकाशित छन्। शंकर कोइरालालाई छाडेर संख्याकै हिसाबले पनि नेपाली साहित्यका लागि यो चमत्कार हो। यिनमा समय र परिस्थितिको क्रूरताको धारमा रेटिएको जीवनको निकै मार्मिक वर्णन पाइन्छ। प्रस्तुतिका हिसाबले प्रत्येक कृतिमा नवीनता पाइन्छ भने व्यंग्यात्मक पुटमा ढालिएका अनौपचारिक भाषाशैलीले पाठकलाई भित्रैसम्म हल्लाउँछ। त्यसैले उनका अधिकांश कृति लोकप्रिय छन्। ध्रुवचन्द्रको नयाँ कृति के आउँदैछ पाठकहरू

अधैर्यपूर्वक प्रतीक्षा गरिरहेका हुन्छन् । गौतमको अनुभवन्यास 'बाढी' को दोस्रो भागका रूपमा चाँडै नै आउँदैछ 'घुर्मी' ।

प्रथम नेपाली उपन्यास 'वीरचरित्र' को प्रकाशन सय वर्ष पुगेको अवसरमा २०६० साललाई उपन्यास सतवार्षिकीका रूपमा मनाइएको छ । १६ औं साहित्यिक वन महोत्सवबाट श्रीगणेश भएको सतवार्षिकी ध्रुवचन्द्रका लागि निकै फलिफाप भएको छ । मध्यपश्चिमाञ्चल साहित्य कला प्रतिष्ठानले तीन महिनाअघि उनलाई 'आख्यान पुरुष' उपाधि दिएको छ भने झण्डै एक दर्जन संघ-संस्थाले सम्मान तथा अभिनन्दन गरेका छन् । नेपाली आख्यानमा विशिष्ट योगदान गरेबापत पछिल्लोपटक चितवन वाङ्मय प्रतिष्ठानले १० हजार धनराशिसहित अभिन्दन त गरेकै छ, गौतमको समग्र कृतित्व र व्यक्तित्व झल्काउने झण्डै साढे तीन सय पृष्ठको अभिनन्दन ग्रन्थ पनि प्रकाशन गरेको छ ।

त्यसो त ध्रुवचन्द्रको 'अति हाईहाई' प्रति असहमतिका आवाजहरू पनि मन्द छैनन् । प्रतिध्रुवमा गोविन्द गोठाले, रमेश विकल, धनुषचन्द्र गौतम, धुस्वाँ सायमी, मनु ब्राजाकी, मोहनराज शर्माहरूको नाम उभ्याइएको छ । निश्चय पनि यिनीहरूको आ-आफ्नै सान्दीयता छ । यद्यपि फरक विशिष्टताहरूको तुलना हुनसक्दैन, भाषा, शैली र प्रस्तुतिको नवीनताका हिसाबले ध्रुवचन्द्र निकै माथि छन् । पाठकलाई अनुभूतिको गहिराइसम्म पुऱ्याउने निकै आकर्षक शैली छ उनको । निम्नमध्यमवर्गीय मनोदशा, गरिबी र प्रेमको विडम्बना, चित्रण गर्न अद्वितीय लाग्छन् ध्रुवचन्द्र ।

गौतमका प्रत्येकजसो पात्रमा पाठकले आफ्नै छायाँ देख्छ र त्यससँग आत्मीयता गाँसिराख्छ । गौतमको लोकप्रियताको कारक यही हुनसक्छ ।

ध्रुवचन्दको प्रतिध्रुव्रमा उभिएकाहरूले पनि उनको 'अलिखित' उपन्यासको मानमर्दन गरेका छैनन् । त्यसमा उनको प्रयोगले आञ्चलिकताको चुरो समाएको उनीहरूले सकारेका छन् । पढ्दै नपढी उनलाई कटुआलोचना गर्नेहरू पनि एउटा ध्रुवमा थुप्रै छन् । अन्त्यपछि, बालुवामाथि, फूलको आतंक, मौनजस्ता उपन्यासका भरमा उनका कृतिलाई निरस भन्नुमा कुनै तर्क छैन । कट्टेलसरको चोटपटक, निमित्त नायक, स्वर्गीय हिरादेवीको खोज, बाढी, उपसंहार अर्थात् चौथो अन्त्य, एक सहरमा एक कोठाजस्ता मर्मस्पर्शी र सार्थक उपन्यास नपढी सारमा ध्रुवचन्द्रलाई हेर्न सकिँदैन ।

ध्रुवचन्द्रको अघिपछि को-को छन् ? ध्रुवचन्द्र कुन राजनीतिक विचारधारका हुन् ? व्यक्तिगतरूपमा उनी कस्ता छन् ? ध्रुवचन्द्रलाई कसले, कसरी, किन प्रचारप्रसार गरे ? यस आधारमा उनको सिर्जनाप्रति नकारात्मक दृष्टिकोण राख्नेहरू पनि छन् । ध्रुवचन्द्रसँग मोहनराज शर्मा, सनत रेग्मी, डा. खगेन्द्रप्रसाद लुइँटेल, रोशन थापा 'नीरव' डा. खुमनारायण पौडेलहरू होऊन् वा नहोऊन्, ध्रुवचन्द्रबारे राजकुमार बानियाँ, देवेन्द्र भट्टराई, व्याकुल पाठक, जयदेव भट्टराई, चंकी श्रेष्ठहरूले लेखून् वा नलेखून् त्यसले उनको सिर्जनास्तरमा कुनै असर पर्दैन । ध्रुवचन्द्रको सिर्जना के हो- त्यसको साक्षी उनकै कृतिबाहेक अरू के हुनसक्ला ?

ध्रुवचन्द्रका अधिकांश कृति उनकै भोगाइका अनुगुञ्जन हुन् । वीरगन्जको प्रिय सम्झना । चउरमा खेलकुद प्रतियोगिता भइरहेको छ । त्यसैबेला हाम्रा 'निमित्त नायक' लाई तिर्खा लाग्छ । हाते धारोमा पानी खान निहुरन्छ । तिर्खा मेटिनेगरी पानी खाइसकेपछि देख्छ- एउटी राम्री, गोरी र नरम केटीले हाते धारो चलाइदिएकी रहिछ । केटी कति राम्री थिई, के भन्ने !

यस्तो मृदु सम्झनाले जीवनलाई शीतल बनाउँछ । तर, जीवन त जीवनै हो नि ! जीवन कहाँ त्यो संवेदनाअनुकूल रहिरहन्छ ! केटीसँग प्रेमको सुन्दर माला त उनियो तर एक दिन कति सजिलै त्यो माला चुँडियो, त्यसको बयान कुन शब्दले गर्ने हो अब !

यो शीतल सम्झनालाई ध्रुवचन्द्रले आफ्नो अनुभवन्यास 'बाढी' मा निकै सुन्दर बान्कीमा प्रस्तुत गरेका छन् । श, त्यो नरम केटी, शारदा पनि हुनसक्छे, शकुन्तला पनि हुनसक्छे, 'प्रतिद्वन्द्वी' कथा र 'निमित्त नायक' उपन्यासमा पनि निकै मिठो गरी आएकी छे । कतै सान्त्वना भएर, कतै ज्योतिकुमारी दाहाल भएर ।

गरिबीका अनुपम कथा लेखेका छन् ध्रुवचन्द्रले । गरिबी प्रभावित सामान्य घटनाका असामान्य पाटालाई निकै हास्यात्मक शैलीमा उधिन्छन् उनी । बरु हाँसिसकेपछि डाँको छाडेर रुनुपर्ला भन्ने डर ! 'निमित्त नायक' उपन्यासको नायक विनय इलास्टिक छिनेको कट्टु लगाएर नुहाइरहेको हुन्छ । त्यसैबेला प्रेमिकासहित युवतीहरूले बाथरुमको ढोका घचेट्दा विनयको हालत कस्तो भयो होला ! 'द्रूत विलम्बित' कथामा भने प्वाल परेको अन्डरवियरबाहेक लगाउने कुनै वस्त्र बाँकी नरहेको मान्छे आफूले सापटी दिएको ६७ रुपैयाँ फिर्ता पाउने भएपछि श्रीमतीले महिनावारी हुँदा लगाउने पेटीकोटको लुंगी लगाएर उपस्थित हुन्छ । 'निमित्त नायक'

मै जयबहादुर र रामऔतारको कथा होस् अथवा दक्षिण भारतीयहरू र कान्छाको कथा होस् अथवा 'कट्टेलसरको चोटपटक', 'स्वाद', 'कुन दिनलाई तिनीहरू आफ्नो दिन मान्ने ?' जस्ता उपन्यास र कथामा होस् गरिबहरूको कथा लेख्ने भनिएका प्रगतिशीलहरूले भन्दा निकै हृदयस्पर्शी शैलीमा गरिबीको कथा लेखेका छन् । यो लेख्ने सामर्थ्य त्यसै आएको भने होइन, स्वयं उनले यस्तो गरिबी भोगेका छन् । 'बाल्यकाल' र 'बाढी' मा त्यो कुरा उनले उल्लेख गरेका छन् ।

यद्यपि उनी जमिनदार परिवारकै थिए, कुनै समय यस्तो थियो, छाक टार्नै हम्मे पर्थ्यो । खाजा खानु त कल्पनैको कुरा थियो । एक दिन एउटा साथीकहाँ खाजा खाने अवसर जुर्‍यो । 'पछि त कस्तो भयो भने त्यही समय साथीलाई भेट्ने बानी लाग्यो ।' उनी सम्झन्छन्- 'संयोग कस्तो भने एक दिन गेटमा मेरै भाइ भेटियो । उसलाई पनि त्यही बानी लागेको रहेछ ।' जिन्दगीका यी क्रूर सत्यहरू हुन् । यस्ता धेरै अनुभव छन् ध्रुवचन्द्रसँग । २०४३ सालमा उनको 'निमित्त नायक' छापियो । अलिअलि भएको गहना धितो राखेर छापिएको थियो ।

त्यसको असर दैनिक जीवनमा परिहाल्यो । 'बिहान खाना खाएर दिनभरि किताब बेच्न हिँड्थें, कतिपल्ट त त्यसैले छाक टार्नुसमेत परेको थियो'- सम्झनाको पाना पल्टाउँदै ध्रुवचन्द्र भन्छन्- 'आफैंले बेच्दाबेच्दै त्यसको दोस्रो संस्करणसमेत निस्कियो ।'

साठी वर्षको दुःख

साठी वर्ष पुगिसके, धन्न गरिबीले भने ध्रुवचन्द्रको साथ छोडेको छैन । पत्नी स्वस्तिका र 'श' ले भन्दा पनि बढी माया गरेको हो कि कसो हो ! सायद त्यसैले साठी वर्षमा पनि रोजगारका लागि हिँडेकै भेटिन्छन् ध्रुवचन्द्र ।

फेरि पूर्वकथा । ध्रुवचन्द्रसँगै मिल्दोजुल्दो उही हृदयाघातवाला साठी वर्षीय नायकको कथा । नायक केही कागजातमा सही गरेर अस्पतालबाट निस्कन्छ । टचाक्सी चढ्न खोज्छ तर कहाँ साथ दिन्थ्यो र खल्तीले ! तत्काल घर जानु छोराहरूका लागि बाधक पनि हुनसक्थ्यो । निकै रात भइसकेको हुन्छ । ऊ तीनैजनाको घर जान्छ । तीनैजनाकहाँ ढोका लागिसकेको हुन्छ । बत्ती निभिसकेको हुन्छ । उठाउनु तमासा निम्त्याउनु हुनसक्थ्यो । ऊ एउटा गेट रोज्छ, जहाँ एउटा ठूलो ढुंगा हुन्छ । यसो पल्टिन सकिन्थ्यो । ऊ सोच्छ भोलि बिहान यिनीहरूले ढोका खोलेपछि जे त होला । ऊ त्यही ढुंगामा पल्टेर मास्तिर बादलका कारण अत्यन्त अँध्यारो आकाशलाई नियाल्न थाल्छ ।

कठै, नयाँ युगको जीवन !

-चंकी श्रेष्ठ